अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी।

सम्पर्क नं. : ९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेव: annapurnamunmyagdi.gov.np
G-Plus Code: **FJJV+JH Shikha**

गण्डकी प्रदेश, नेपाल।

अन्नपूर्ण गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

प.स.: २०८०।८१
च.न. ६६९

मिति : २०८०।१०।२९
ने.स.११४४ सिल्लाथ्व, ३ सोमबार

## प्रशासकीय भवनको लागि जग्गा प्राप्ति सम्बन्धी सूचना ।

यस गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि **'स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०'** मा रहेको न्यूनतम मापदण्ड पुग्ने गरी **'जग्गा प्राप्ति ऐन, २०३४'** अनुसार (मुआब्जा दिने गरी) जग्गा प्राप्तिको लागि तपशिल बमोजिम मापदण्ड पुगेको जग्गा प्राप्ति गर्नुपर्ने भएकाले जग्गादाताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (पन्ध्र दिन) भित्र जग्गा धनीपूर्जाको प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मञ्जुरीनामा पत्र र प्रतिरोपनी उपलब्ध गराउन सक्ने कबोल रकम सहितको पत्र संलग्न गरी खामबन्दी रुपमा यस गाउँपालिकाको कार्यालयमा रीतपूर्वक निवेदन पेश गर्नुहुन मिति २०८०।०९।२८ को गाउँसभा र मिति २०८०।१०।२३ को कार्यपालिका बैठकको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ।

**मापदण्डहरु:**

१) हाल कार्यालय रहेको स्थानबाट वडा नं ६ भित्र नै २ कि.मि. क्षेत्रभित्र (वरिपरी) हुनुपर्ने।

२) जग्गा एक सगोलमा ६ रोपनी सम्म हुनुपर्ने । ( गाँउपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड अनुसार यस बमोजिम क्षेत्रफल भएको जमिन एकै कित्ताबाट एकै क्षेत्रमा एकमुष्ट उपलब्ध नभएमा अधिकतम सय मिटरको दुरीभित्र एक अर्को क्षेत्रबाट समेत मिलाई जग्गाको क्षेत्रफल मिलाउन सकिने ।)

३) भविष्यमा गाउँपालिकालाई आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न सकिने ।

४) भौगोलिक, प्रशासनिक, वातावरणीय र प्राविधिक रुपले उपयुक्त हुने ।

५) निशुल्क प्राप्ति हुने गरी २ स्थानमा फरक फरक क्षेत्रफलमा जग्गाको मञ्जुरीमा पेश हुन आएकोमा क्षेत्रफल विस्तारमा समस्या भएकाले सकेसम्म निशुल्क जग्गाको साँध सिमाना भएमा उपयुक्त हुने । जग्गाको मूल्य र उपयुक्तता हेरी छनौटको निर्णय हुनेछ ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत